दैनिक पत्र

मिति २०७७।८।२९

प्रदेश सरकार

लुम्बिनी प्रदेश

# उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय

मुकाम बुटवल, नेपाल

## निःशुल्क ब्याजमा ऋण लिने सम्बन्धी सूचना

१. लुम्बिनी प्रदेशमा उद्योग क्षेत्रमा लगानी प्रवर्द्धन गर्न र COVID-19 को प्रभावले रोजगारी गुमाएका युवा पुस्तालाई स्वदेशमै रोजगार प्रवर्द्धन गर्न लुम्बिनी प्रदेश उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयको आ.व.२०७७/०७८ को वार्षिक कार्यक्रम अनुसार अनुदानग्राहीलाई ब्याज अनुदानमा ऋण प्रवाह गर्नको लागि उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय र नेपाल बैंक लिमिटेड, प्रादेशिक कार्यालय, बुटवल बीच मिति २०७७/०८/१९ गते सम्झौता पत्रमा हस्ताक्षर भएको छ।

२. वैदेशिक रोजगारबाट फर्किएका, दलित, महिला, द्वन्द पीडित, अपाङ्गता भएका व्यक्ति, सीमान्तकृत तथा अल्पसङ्ख्यकले स्थापना तथा सञ्चालन गरेका र स्वदेशी कच्चा पदार्थको प्रयोग गर्ने एवम् अत्यावश्यक वस्तु तथा निर्यातजन्य वस्तु उत्पादन गर्ने उद्योगलाई प्राथमिकता दिई प्रति उद्यमी न्यूनतम रु. ३ लाखदेखि अधिकतम रु. १० लाख सम्म लिने ऋणमा तीन वर्षसम्मको वार्षिक ७.७५ प्रतिशतका दरले लाग्ने व्याज मन्त्रालयले भुक्तानी गर्ने व्यवस्था गरिएको छ।

३. ब्याज अनुदान लिन चाहने उद्योगीले बैंकमा ऋणका लागि निवेदन दिदा बैंकले माग गरेका कागजातका साथसाथै नेपाली नागरिकताको प्रमाणपत्र, आ.व. २०७७।०७८ मा दर्ता भएको उद्योग दर्ताको प्रमाण पत्र , घरेलु तथा साना उद्योग कार्यालयको सिफारिस, कुनै सरकारी निकायबाट अनुदान प्राप्त नगरेको स्वघोषणा पत्रसहित आफ्नो जिल्लामा नजिकको नेपाल बैंक लिमिटेडको कार्यालयमा निवेदन दिनु पर्ने छ। बैक धितो लगायतका बैंकलाई आवश्यक पर्ने कागजात उद्यमीले पेश गर्नुपर्ने छ। सेवा शुल्क ऋण रकमको ०.४० (शुन्य दशमलव चार शुन्य) प्रतिशत भन्दा बढी लिन नपाउने गरी बैक संग सम्झौता भएको छ।

४. आ.व. २०७७।०७८ मा प्रदेश कानून अनुसार दर्ता भएका उत्पादनमूलक उद्योग, कृषि तथा वनजन्य उद्योग, उर्जामूलक उद्योग, खनिजजन्य उद्योग, पर्यटन उद्योग, सेवामूलक उद्योग, संचार तथा सूचना प्रविधि उद्योग गरी ८ प्रकारका उद्योगीहरूले निवेदन दिन पाउने छन्।

५. यसरी प्राप्त निवेदन उपर १० दिन भित्र बैंकले कागजात जाँच गरी ऋण प्रवाह गर्नका लागि योग्य ठहर गरी स्वीकृतिको लागि सम्बन्धित जिल्लाको घरेलु तथा साना उद्योग कार्यालयमा विवरण पठाउने छ। घरेलु तथा साना उद्योग कार्यालयले उक्त विवरण प्राप्त भएको एक हप्ता भित्र स्वीकृत गरी ऋण प्रवाहको लागि विवरण बैंकलाई पठाउने छ र सोही विवरणको आधारमा बैंकले ऋण प्रवाह गर्नेछ। ऋण प्रवाह अवधि २०७७ मंसिरदेखि २०७८ आषाढ मसान्तसम्म हुने छ।

६. विस्तृत जानकारीको लागि घरेलु तथा साना उद्योग कार्यालय, नजिकको नेपाल बैंक लिमिटेडको कार्यालय र उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयमा सम्पर्क राख्न सकिने छ।

(मिति२०७७/०८/२३ गतेको सूचना सच्याई तथा पुनः प्रकाशन)